# हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हरिनगरा, सुनसरी
### कोशी प्रदेश, नेपाल

प.स.:- २०७९/०८० मितिः- २०८०/०३/२५

च.न.:-

**बिषय :-** कर्मचारीहरुको तहबृद्धि/तह कायम सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा गठन तथा संचालन अध्यादेश, २०८० को दफा ८ को उपदफा (१६), दफा २८ को उपदफा (१) तथा हरिनगर गाउँपालिकाको कर्मचारी तहबृद्धि सम्बन्धी (पहिलो संशोधन सहित) कार्यविधि, २०८० को दफा ६ बमोजिम योग्यता पुरा भएको र सोही कार्यविधिको दफा ७ (१), (३), (५) र (६) बमोजिम तहबृद्धि हुने यस गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुले मिति २०८०/०३/३१ गते भित्रमा कार्यविधिको अनुसूची-१ को ढाँचामा आवश्यक कागजात सहितको निवेदन यस कार्यालयको प्रशासन शाखामा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक कागजातहरु :**

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।

२. बढुवा/तहबृद्धि भएको भए सो पत्रको प्रतिलिपि ।

३. समायोजन भएको कर्मचारीहरुको हकमा समायोजन भएको पत्रको प्रतिलिपि ।

४. शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि ।

५. संघीय लोकसेवा आयोगबाट स्थानीय तहको अधिकृत छैठौं तहमा सिफारिस भएको भए सो पत्रको प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत